कन्चन गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
कन्चन, रुपन्देही

पत्र संख्या : ०७४/०७५
चलानी नम्बर/ ८६६

५ नं.प्रदेश, नेपाल

मिति :- २०७४।१२।०६

सूचना । सूचना ॥ सूचना ॥।

यस गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार नमूनाको रुपमा यस गाउँपालिका वार्ड नं.२ मा पर्ने मुसहर बस्ति आवास निर्माण कार्यक्रम रहेकोमा उक्त कार्यक्रममा छड सिमेन्ट गिट्टी बालुवा र टिन गाउँपालिकाले तोकेको मापदण्डका आधारमा सामान उपलब्ध गराउने र अन्य काम सम्बन्धित व्यक्ति आफैले गर्नुपर्ने गरि उक्त कार्यक्रममा सहभागिता हुन इच्छुक व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित विवरण समेत खुल्ने गरि यस कन्चन गाउँपालिका वार्ड नं.२ को कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना बमोजिम छनोट भएका व्यक्तिहरुलाई सूचना समाप्त भएको मितिले ७ दिन भित्र जानकारी गराइने व्यहोरा समेत अनुरोध छ ।

**निवेदन साथ सम्लग्न रहनु पर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. बाहिरि नागरिकताको हकमा बसाई सराई दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. जग्गाको किसिम (जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको, ऐलानी अन्य ।)
४. हकभोग गरेको जग्गाको क्षेत्रफल ।
५. अनुमानित वार्षिक आम्दानी ।
६ आ.व. ०७३।७४ मा तिरेको धुरीकरको रसिदको प्रतिलिपि ।

बोधार्थ

- सुचना तथा प्रविधि शाखा वेवसाइडमा प्रकाशित गर्नुहुन

.......................................

कृष्ण प्रसाद पन्थी
(प्रमुख प्रशासकीय अधिकृत)